# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/७/२० गते शुक्रवार देखि २०६६/७/२६ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५४०८ कारोबारबाट ३१ करोड ११ लाख ६६ हजार रुपैयाँ बराबरका ६ लाख २ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४.६६ प्रतिशतले ह्रास भएको हो । गत साता ४४०६ शेयर कारोबारबाट ३२ करोड ६८ लाख ८९ हजार रुपैयाँ बराबरका ५ लाख ८६ हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र १७ करोड १० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५४.९० प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २१.३५ अंकले ह्रास भई अन्तिम दिन ५६५.८६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५७०.३९ | ४३८.८२ | ३६८.६१ | ६२८.५७ | ८२९.७१ | २६६.०९ | ६०२.३४ | ६०८.५५ | ६३८.११ | ५८७.२१ | १४७.७९ | ५५.९६ |
| दोस्रो | ५६५.६५ | ४३८.८२ | ३६८.६१ | ६२२.७० | ८२१.५६ | २६६.०९ | ६०२.९८ | ६०६.७९ | ६३७.९४ | ५८३.१० | १४६.४९ | ५५.५८ |
| तेस्रो | ५६२.६९ | ४३८.८२ | ३६८.६१ | ६१८.०० | ८२०.२० | २६६.०९ | ६०२.७९ | ६०४.१८ | ६३६.६७ | ५८०.२३ | १४५.८६ | ५५.४५ |
| चौथो | ५५८.२७ | ४३८.८२ | ३६८.६१ | ६१६.८३ | ८११.३८ | २६६.०९ | ६०२.५४ | ६०२.७० | ६३१.४७ | ५७६.८० | १४४.६८ | ५५.०३ |
| पाँचौं | ५४०.१० | ४३८.८२ | ३६८.६१ | ६१६.८३ | ८१५.७२ | २६६.०९ | ६०२.५४ | ५९८.१३ | ६२६.४२ | ५६५.८६ | १४०.७० | ५३.९१ |
| परिवर्तन | -३०.२९ | ०.०० | ०.०० | -११.७४ | -१३.९९ | ४.८८ | ०.२० | -१०.४२ | -११.६९ | -२१.३५ | -७.०९ | -२.०५ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.०९ अंकले ह्रास भई १४०.७० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ७० लाख रुपैयाँ) को अधारमा प्राइम कमर्सियल बैंक तथा शेयर संख्या (७१ हजार कित्ता) को आधारमा डिसिविएल बैंक र कारोबार संख्या (१०९६ वटा) को आधारमा भिवोर विकास वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | प्राइम कमर्सियल बैंक | २७.०१ |
| २ | नेपाल एसविआई बैंक | २६.८४ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २४.२३ |
| ४ | भिवोर विकास बैंक | १८.८८ |
| ५ | डिसिविएल बैंक | १८.६७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।